१२४९/८६१

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५०५/०७२/०७३

निर्णय नं. ८६१

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत..........................................२ पुनरावेदक

विरुद्ध

कार्यालय प्रमुख, लाहान नगरपालिकाको कार्यालय, सिराहा..........................................१ विपक्षी

सूचना अधिकारी, लाहान नगरपालिकाको कार्यालय, सिराहा ..........................................१

विषय : सूचना उपलब्ध गराइएकोले लगत कट्टा गर्ने ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले लाहान नगरपालिकाको कार्यालय, सिराहा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराइपाऊँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । यस सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम लाहान नगरपालिकाको कार्यालय, सिराहालाई मिति २०७२।०७।२९, च.नं. ४६४ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात् उक्त लाहान नगरपालिकाको कार्यालय, सिराहाको मिति २०७२।११।१०, च.नं. १७१७ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई प्रेषित गरी यस आयोगलाई जानकारी गराएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल जेठ ७ गते रोज ६ शुभम् ।